नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल


मिति : २०८२।०४।०९

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ डोटी शाखाका सदस्य दीर्घबहादुर खत्रीको ४१ वर्षको अल्पायुमै भएको असामयिक निधनको दु:खद् खबरले महासंघ स्तब्ध भएको छ ।

विगत दुई दशकदेखि पत्रकारितामा क्रियाशील रहेका खत्री पछिल्लो समय रेडियो नेपाल दिपायलमा कार्यरत हुनुहुन्थ्यो । यस दौरान उहाँले डोटेली आवाज, रेडियो शैलेश्वरी एफएमलगायतमा काम गर्नु भएको थियो ।

उहाँको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक जुझारु र उर्जाशील युवा पत्रकार गुमाएको छ भने महासंघले सक्रिय सदस्य गुमाएको छ ।

महासंघ स्वर्गीय पत्रकार खत्रीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव